# विउँ पूँजी सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८०/०१/१३

## प्रस्तावना :

अर्जुनचौपारी गाउँपालिका भित्रका अति विपन्न एवं आर्थिक एवं सामाजिक दृष्टिकोणबाट पिछडिएको एवं पछि पारिएका सामुदाय एवं वर्गलाई विउँ पूँजी परिचालन गरी IPO को माध्यमबाट उक्त समुदायको आर्थिक अवस्था सुधार गरी नेपालको संविधानद्धारा स्थानीयतहलाई प्राप्त व्यवस्थापकीय र कार्यपालिकीय अधिकार अन्तर्गत स्थानीय क्षेत्रका अति विपन्न नागरिकहरुको पहिचान गरी तिनीहरुको व्यवस्थापन गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम विउँ पूँजी संचालन कार्यविधि, २०८० रहनेछ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "बिपन्न एवं आर्थिक रुपमा पिछडिएका परिवार" भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने व्यक्ति वा परिवारलाई जनाउँछ । अर्जुनचौपारी गाउँपालिकाको विपन्न पहिचान कार्यविधि, २०७९ मा व्यवस्था भए अनुसारका परिवार पनि यसै अन्तर्गत पर्दछन ।

ख. "अध्यक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष भन्ने बुझ्नाउँछ ।

ग. "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालकालाई सम्झनु पर्छ ।

घ."कार्यपालिका" भन्नले अर्जुनचौपारी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ

ङ."गाउँसभा" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

च."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ. "लाभग्राही भन्नाले" दफा ४ बमोजिम विउँ पूँजी परिचालन गर्न छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

३. विउँ पूँजी परिचालन गर्न कायम गरिने लाभग्राही पहिचानको आधारहरुः

(क) विपन्नता पहिचान कार्यविधि, २०७९ बमोजिम घ वर्गका परिवारका ६० बर्ष मुनिका ५ जना सम्म सदस्य तर परिवार संख्या बढी भएको खण्डमा कम उमेर समुहका व्यक्तिहरुलाई प्राथमिकता दिईने ।

(ख) विपन्नता पहिचान कार्यविधि, २०७९ बमोजिम ग बर्गका परिवारका ६० बर्ष मुनिका ४ जना सम्म सदस्य

(ग) विपन्नता पहिचान कार्यविधि, २०७९ बमोजिम ख बर्गका परिवारका ६० बर्ष मुनिका ३ जना सम्म सदस्य

(घ) विपन्नता पहिचान कार्यविधि, २०७९ बमोजिम क बर्गका परिवारका ६० बर्ष मुनिका २ जना सम्म सदस्य

(ङ) क र ख वर्गका अपाङ्गता भएका परिवार भएमा ५ जना सम्म सदस्य

(च) विशेष परिस्थितिको परिवारलाई वडा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयबाट लाभग्राही कायम गर्न सकिनेछ । विशेष परिस्थितिको परिवार भन्नाले दैवी प्रकोप पिडित, वेपत्ता, कमाई गर्ने घरमूलि/सदस्यको असामयिक निधन भई आम्दानीको श्रोत बिहिन बन्न पुगेको, खर्चिलो उपचारको कारण परिवारको अवस्था विपन्न बन्दै गएको परिवार जनाउनेछ ।

## परिच्छेद–३

४. विउँ पूँजी सम्वन्धी व्यवस्था

क. गाउँपालिकाले प्रदान गर्ने विउँ पूँजी प्रति व्यक्ति रु २३०० (दुई हजार तीन सय रुपैया) मात्र हुनेछ ।

ख. समयानुकुल बनाउन कार्यपालिबाट निर्णय गरि उक्त विउँ पूँजी रकम थपघट गर्न सकिनेछ ।

ग. कार्यक्रम संचालन गर्न कुनै वित्तीय संस्था वा वित्तीय संस्था सम्वद्ध कुनै व्यक्ति सँग डिम्याट खाता खोल्ने, IPO भर्ने, शेयर बिक्रिवितरण गर्ने, लगानी शिक्षा तथा तालिम प्रदान गर्ने गरी पालिकाले सम्झौता गर्न सक्नेछ ।

# परिच्छेद–४

५. विविध

क. पालिकाले प्रदान गर्ने विउँ पूँजी शेयर लगानीमा मात्र प्रयोग गर्नु पर्नेछ । खातावालाले आफु खुशी प्रयोग गर्न पाउने छैन ।

ख. विउँ पूँजी परिचालन एवं IPO भर्ने कार्यको लागि कार्यालयले कुनै कर्मचारी तोक्न सक्नेछ

ग. विउँ पूँजीवाला व्यक्तिको निधन भएमा प्रचलित कानून बमोजिम हक हस्तान्तरण हुनेछ ।

घ. वाधा अड्काउ फुकाउः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने एवं वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

अर्जुनचौपारी गाँउपालिकाको विपन्न परिवार कार्यविधी, २०७९